# छत्रकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः१ मितिः २०८१/०५/२०

## भाग - २

## छत्रकोट गाउँपालिका

## छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१

आज्ञाले,

विर वहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत

# छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः छत्रकोट गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो। यहाँका अधिकांस मानिसहरुले मुख्य पेशाको रुपमा कृषि पेशालाई अवलम्बन गरेको भएतापनि कृषि पेशा निर्वाहमुखी रहेको छ। यस गाउँपालिकाका कृषकहरुलाई उत्पादनको आधारमा अनुदान प्रदान गरि व्यवसायिक र प्रतिस्पर्धी बनाई उनीहरुको आयआर्जन वृद्धि गर्न तथा युवाहरुलाई समेत कृषि पेशामा आकर्षण गरि स्वरोजगार र स्वाबलम्बी बनाउन बान्छनिय भएकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ण) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी छत्रकोट गाउँपालिकाको मिति २०८१।०५।१८ को कार्यपालिकाको बैठकले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम **'छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१'** रहनेछ।

ख) 'प्रारम्भ' यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा र व्याख्याः

क) 'अध्यक्ष' भन्नाले छत्रकोट गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

ख) 'उपाध्यक्ष' भन्नाले छत्रकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

ग) 'उत्पादक' भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फर्म वा कृषक समूह वा कम्पनी वा सहकारीलाई सम्झनुपर्छ।

घ) 'कार्यपालिका' भन्नाले छत्रकोट गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

ङ) 'कृषक' भन्नाले यस कार्यविधिको प्रायोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायि, कृषि सहकारी समेतलाई सम्झनुपर्छ।

च) 'अनुदान' भन्नाले समाजका बिभिन्न क्षेत्रका विकासको लागि गाउँपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पूँजीगत अनुदान समेतलाई जनाउनेछ।

छ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले छत्रकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ज) 'सहकारी तथा कम्पनी' भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादन, संकलन वा वितरणमा संलग्न छत्रकोट गाउँपालिका भित्रका सहकारी तथा कम्पनीलाई जनाउनेछ।

## परिच्छेद-२

## कार्य विधिको उद्देश्य

३. प्रस्तुत कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

क) कृषकहरुलाई उत्पादनको आधारमा अनुदान वितरण गरि प्रोत्साहित गर्ने।

ख) निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक तर्फ अगाडी वढाउने।

ग) कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा बजारीकरणलाई सहयोग पुर्याउने।

## परिच्छेद-३

## सहकारी/कृषक समूह/कम्पनी छनौट

४. अनुदान वितरणको लागि सहकारी/कृषक समूह/कम्पनी छनौट,गाउँपालिका र सहकारी/कृषक समूह/कम्पनी बिच कृषि उपज संकलनका लागि सम्झौता तथा व्यवसायिक कृषकहरुको सुचिकरणः

क) यस कार्यक्रमको संचालनको लागि गाउँपालिकाद्वारा प्रत्येक वडामा क्षेत्रफल र कृषिको अवस्थाका आधारमा संकलन केन्द्र स्थापना गर्ने गरि कृषि उपज संकलन गर्नका लागि सहकारी/कृषक समूह/कम्पनी छनौटको लागि अनुसूचि- १ बमोजिमको सूचना (१५ दिने) प्रकाशन गरिनेछ। सहकारी/कृषक समूह/कम्पनीले अनुसूचि- २ बमोजिमको ढाँचामा निवेदन, अनुसूचि- ३ बमोजिमको ढाँचामा प्रस्तावना गाउँपालिकामा पेश गर्नु पर्नेछ।पेश भएका प्रस्तावनाहरुको अनुसूचि- ९ बमोजिमको निर्देशन, अनुगमन तथा मुल्याङ्कन समितिले मूल्याङ्कन गरि छनौटका लागि गाउँकार्यपालिकामा पेश गर्नेछ।गाउँकार्यपालिकाबाट छनौट भएका सहकारी/कृषक समूह/कम्पनीले संकलन गर्न प्रस्ताव गरेको वडामा कृषकसँग सम्झौता गरि कृषि उपज संकलन गर्नुपर्नेछ।

ख) छनौट भएको सहकारी/कृषक समूह/कम्पनी र गाउँपालिका बीच अनुसूचि- ११ बमोजिमको सम्झौता हुनेछ।

ग) गाउँपालिकाद्वारा छनौट भएको सहकारी/कृषक समूह/कम्पनीद्वारा कृषि उपजहरुको दैनिक खरिद र बिक्रि मूल्य निर्धारण गर्नुपर्नेछ। अनुसूचि- ७ बमोजिमको कृषि उपज संकलन तथा मूल्य अनुगमन समितिले उक्त मूल्यको अनुगमन गरि राय सुझाव तथा निर्देशन दिनेछ। सहकारी/कृषक समूह/ कम्पनीको संकलन केन्द्रमा अनुसूचि १० बमोजिमको ढाँचामा बिक्रीको विद्युतिय अभिलेख राख्नुपर्नेछ।

घ) कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि गाउँपालिकाद्वारा निर्धारित सहकारी/कृषक समूह/कम्पनीमा आ.व. शुरु भएलगत्तै अनुसूचि- ४ बमोजिमको सूचना प्रकाशन (१५ दिने) भएपश्चात अनुसूचि- ५ बमोजिमको निवेदन पेश गरि सुचिकृत हुनुपर्नेछ र उक्त कृषकसँग अनुसूचि- ६ बमोजिमको ढाँचामा वडाको जनप्रतिनिधि वा गाउँपालिकाको कृषि प्राविधिकको रोहवरमा सम्झौता गर्नुपर्नेछ। सम्झौता पत्रको एक प्रति गाउँपालिकामा, एक प्रति कृषकलाई र एक प्रति संकलन केन्द्रमै राख्नु पर्नेछ। साथै कृषकले सो सहकारी/कृषक समूह वा कम्पनीबाट कृषि उपजको कारोबार गर्नुपर्नेछ।

ङ) कृषकले गाउँपालिकाद्वारा उपलब्ध गराइने न्यूनतम समर्थन मूल्य र उत्पादनमा आधारित अनुदान सुविधा मध्ये कुनै एउटा सुविधा मात्र लिन सक्नेछन्। तर न्यूनतम समर्थन मूल्य भन्दा कम दररेटमा कृषकले उपज बेच्नु पर्ने स्थितिमा न्यूनतम समर्थन मूल्य अनुदान उपलब्ध गराइने छ भने न्यूनतम समर्थन मूल्य वा सो भन्दा माथिको दरदरेटको कारोबारमा उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ।

च) सान्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको सहकारी/कृषक समूह/कम्पनीका अतिरिक्त थप गर्ने वा भइरहेको सहकारी/कृषक समूह/कम्पनी सँगको सम्झौता खारेज गर्ने अधिकार छत्रकोट गाउँपालिकाको कार्यालयलाई हुनेछ।

## परिच्छेद-४

## अनुदान उपलब्ध गराईने कृषि वस्तुहरु, मापदण्ड

५. अनुदान उपलब्ध गराउन सक्ने कृषि वस्तुहरु र मापदण्ड देहाय बमोजिम हुनेछ।

क) गाउँपालिकाको आफ्नो स्वीकृत बजेटको परिधिभित्र रहि अनुसूचि ८ बमोजिमका कृषिजन्य उत्पादनमा अनुदान उपलब्ध गराउन सक्नेछ।

ख) अनुसूचि ८ बाहेकका वस्तुमा अनुदान दिन गाउँकार्यपालिकाले निर्णय गरेमा कुनै बाधा पुग्ने छैन।

ग) सूचीकृत कृषकहरुले आफुले उत्पादन गरेको कृषि उपज गाउँपालिकाले छनौट गरेको कृषकलाई पायक पर्ने र इच्छानुसारको सहकारी वा कृषक समूह वा कम्पनीको संकलन केन्द्रमा लैजान सक्नेछ। यस कार्यक्रममा सहभागि हुन कुनै न्यूनतम मापदण्ड लागु हुने छैन।

६. अनुदान रकम सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ।

क) अनुसूचि- ८ बमोजिमको बालीहरु उत्पादन पश्चात बिक्रिको क्रममा प्रोत्साहन स्वरुप तपसिल बमोजिमको थप रकम गाउँपालिकाबाट प्राप्त गर्नेछन।

तपसिलः

| क्र.सं. | वस्तुको नाम | ईकाइ | अनुदान रु. | क्र.सं. | वस्तुको नाम | ईकाइ | अनुदान रु. |
|---|---|---|---|---|---|---|---|
| तरकारी/मसलाबाली | | | | | | | |
| १ | काउली | के.जि. | ४ | २ | धनिया | के.जि. | ४ |
| ३ | बन्दा | के.जि. | ३ | ४ | भन्टा | के.जि. | ४ |
| ५ | टमाटर | के.जि. | ५ | ६ | भेण्डी | के.जि. | ४ |
| ७ | काँक्रो | के.जि. | ५ | ८ | तिते करेला | के.जि. | ४ |
| ९ | सिमि | के.जि. | ४ | १० | गाजर | के.जि. | ५ |
| ११ | बोडि | के.जि. | ४ | १२ | आलु | के.जि. | ५ |
| १३ | प्याज | के.जि. | ५ | १४ | लसुन | के.जि. | १० |
| १५ | मुला | के.जि. | ३ | १६ | साग | के.जि. | ३ |
| १७ | अदुवा | के.जि. | ५ | १८ | ब्रोकाउली | के.जि. | ५ |
| १९ | लामो/अकबरे खुर्सानी | के.जि. | ३/५ | २० | हलेदो | के.जि. | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नगदे | | | | | | | |
| १ | कफि | के.जि. | १० | २ | उखु | क्विन्टल | १२० |
| | फलफूल | | | | | | |
| १ | सुन्तला | के.जि. | ५ | २ | केरा | दर्जन | ५ |
| ३ | कागती | के.जि. | ५ | ४ | मौसमी | के.जि. | ५ |
| ५ | काँचो/पाकेको आँप | के.जि. | ३/४ | ५ | लिचि | के.जि. | ५ |
| च्याउ | | | | | | | |
| १ | कन्ये | के.जि. | ५ | २ | सिताके | के.जि. | १० |

ख) सहकारी/कृषक समूह/कम्पनीले संकलन तथा बजारिकरण गरेबापत जम्मा कारोबार रकमको २ प्रतिशत रकम प्रशासनिक खर्चबापत प्राप्त गर्नेछन। गाउँ कार्यपालिकावाट निर्णय गरि अनुदान रकममा आवश्यकता अनुसार थप घट गर्न सकिनेछ।

ग) गाउँपालिकावाट छनौट भएको सहकारी संस्था/समूह वा कम्पनीले अनुसूची १० बमोजिमको ढाँचामा बिक्रि अभिलेख गाउँपालिकामा पेश गर्नुपर्नेछ।

घ) अनुसूचि १० बमोजिमको बिक्रि अभिलेख आधारमा गाउँपालिकाले अनुदानको रकम चौमासिक रुपमा सम्बन्धित कृषकको बैङ्क खातामा भुक्तानी गर्नेछ।

ङ) अनुदान प्रवाह सहज, पारदर्सि, मर्यादित र नियमित गराउनका निम्ति कृषक र सहकारी संस्था वा कृषक समूह वा कम्पनीको देहाय बमोजिमको भुमिका हुनेछ।

**कृषकको भुमिकाः**

- उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई व्यवस्थित बनाउन गुणस्तरीय कृषिजन्य उत्पादन मात्र बिक्रि वितरण गर्ने।
- कृषि उत्पादन र बिक्रिको दैनिक लेखाजोखा कृषक स्वयंले समेत राख्नुपर्दछ।
- वार्षिक १ लाख भन्दा माथिको कारोबार गर्ने कृषकले अनिवार्य व्यवसायिक कृषि फर्म दर्ता गर्नुपर्नेछ।

## सहकारी,समूह वा कम्पनीको भूमिकाः

- ❖ कृषकहरुद्धारा संकलित उत्पादनको online recording system वाट व्यवस्थित र पारदर्शिपूर्वक अभिलेखिकरण राख्नुपर्नेछ।
- ❖ संकलन गरिएको कृषि उत्पादनको बजारीकरण गर्नुपर्नेछ।
- ❖ तोकिएको समयमा विवरण तयार गरि गाउँपालिकामा पेश गर्नुपर्नेछ।
- ❖ भुक्तानी बैङ्किङ प्रणाली मार्फत गर्नुपर्नेछ।
- ❖ संकलकको चल शेयर पूँजी वर्षभरी उसले संकलन गर्ने वस्तुको मुल्य बराबरको हुनु पर्दछ।
- ❖ सम्झौता भंग गर्नु परेमा चौमासिक अगाडि गाउँपालिकालाई जानकारी दिनु पर्नेछ।
- ❖ प्रत्येक महिना कृषकको रकम भुक्तानि बैङ्किङ प्रणालिबाट गर्नुपर्नेछ।

## परिच्छेद- ५

७. सजाय सम्बन्धी व्यवस्थाः

क) अनुदानका लागि छनोट भएका कृषकहरुले झुटो विवरण संकलन गरेको पाइएमा जरिवाना, उत्पादनमा आधारित अनुदानबाट बन्चित लगाएत पालिकाबाट वितरण हुने आगामि अनुदानका कार्यक्रममा समेत सहभागी नगराउन सकिनेछ।

ख) सहकारी वा संकलन केन्द्रले झुटो विवरण पेश गरेको पाइए सम्झौता रद्ध गरि नियमानुसार कारबाही प्रक्रिया अगाडी वढाईनेछ।

## परिच्छेद-६

८. खर्चको स्रोतः

क) यस कार्यविधिमा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन तथा अनुदान प्रदान गर्न देहायका स्रोतबाट प्राप्त रकम प्रयोग गरिनेछः-

- ➢ गाउँपालिकाबाट प्राप्त रकम,
- ➢ अन्य कुनै स्रोतबाट प्राप्त रकम,

९. लेखा र लेखापरीक्षणः

क) अनुदान रकमको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

ख) अनुदान रकमको अन्तिम लेखापरिक्षण महालेखा परिक्षकबाट हुनेछ।

१०.बाधा अड्काउ फुकाउनेः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ।

११.परिमार्जन तथा संशोधनः कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ।

**अनुसूचि १- सहकारी वा कृषक समूह वा कम्पनीलाई कार्यक्रममा सहभागि हुन प्रस्ताव पेश गर्ने सूचना**

मितिः

सहकारी वा कृषक समूह वा कम्पनीहरुले प्रस्तावना पेश गर्ने बारे सूचना

प्रस्तुत विषयमा यस छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको आ.व. ०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि ईच्छुक सहकारी वा कृषक समूह वा कम्पनीहरुले आवश्यक कागजातहरु संलग्न गरि १५ दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन अनुरोध छ।

आवश्यक कागजातहरुः

१. निवेदन (ढाँचा अनुसार),
२. प्रस्तावना (ढाँचा अनुसार),
३. सञ्चालक वा पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि,
४. दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि,
५. स्थायि लेखा नम्बर प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखा परिक्षणको प्रतिलिपि,
६. सम्बन्धित वडाको सिफारिस पत्र,
७. संस्थाको निर्णयको प्रतिलिपि
८. कार्ययोजना।

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूचि-२ :सहकारी वा कृषक समूह वा कम्पनीको निवेदनको ढाँचा**

**<u>स्थानिय कृषि उपज संकलन तथा बिक्रि केन्द्र स्थापनाका लागि निवेदन</u>**

मितिः२०८१। ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छत्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

विषयः प्रस्तावना पेश गरेको बारे।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मिति २०८१। । मा प्रकाशित सूचना बमोजिम छत्रकोट गाउँपालकाको उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनको लागि संकलन केन्द्र स्थापना गरि **'छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१' बमोजिमका** कृषि उपज खरिद बिक्रि गर्न ईच्छुक भएकाले तोकिएको ढाँचा अनुसारको प्रस्तावना तयार गरि आवश्यक कागजातहरु समेत यसै निवेदन साथ संलग्न गरि पेश गरेका छौ।

**निवेदक**
हस्ताक्षरः
नामः
ठेगानाः
पदः
सम्पर्क नम्बरः
संस्थाको छाप

## अनुसूचि-३ : प्रस्तावनाको ढाँचा

### क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक सहकारीको/समूह/कम्पनीको नामः | ठेगानाः |

| अध्यक्षको नामः | सम्पर्क नम्बरः |
|---|---|
| कार्यक्रम संचालन गर्ने वडाः- | |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नम्बरः | वडा भित्र संकलन केन्द्र स्थापना गरिने स्थानहरुको ठेगानाः |
| उक्त क्षेत्रमा संलग्न कृषक संख्याः | |

ख. पूर्वाधारको अवस्थाः

- संकलन केन्द्र स्थापना हुने स्थानको क्षेत्रफलः
- संकलन केन्द्र भवनको अवस्थाः छ।छैन
- विद्युतको अवस्थाः नियमित। मध्यम।अनियमित
- संकलन केन्द्रमा सडकको अवस्थाः मुख्य सडकको नाम..........मुख्य सडक र संकलन केन्द्र स्थापना हुने सडक।बाटोको नाम............र मुख्य सडकबाटको दुरि.........कि.मि. र सडक।बाटोको किसिम..........
- संकलन केन्द्रमा नापतौल गर्ने मेशिनको अवस्थाः छ।छैन
- अन्य पुर्वाधारहरुः

ग. निर्माण गरिने कृषि उपज संकलन केन्द्रमा संकलन तथा बिक्रि वितरण हुने कृषि उपज सम्बन्धी विवरणः

| क्र.सं. | संकलन हुने कृषि उपजको नाम | परिणाम | उपज उत्पादन हुने क्षेत्र | संकलन हुने महिना | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

वार्षिक कारोवार परिणामः वार्षिक कारोबार (रकम)

घ. संकलन केन्द्र सञ्चालन गर्नका लागि पालिकाको तर्फबाट गरेको अपेक्षाः-

ङ. संकलन केन्द्र सञ्चालन प्रक्रिया (भौतिक, आर्थिक, वातावरणिय) ;

च. प्रस्तावकले जुटाउने रकमको स्रोतः

छ. प्रत्यक्ष लाभान्वित घरधुरिः

ज. रोजगारि सिर्जनाः

झ. व्यवसायिक योजना(खरिद विक्रि योजना/बजार सम्भ्यावता)

- नविनतम सोच (व्यवसाय सम्बन्धि कुनै नयाँ सोच। प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)
- कृषि उपजको बजारिकरण सम्बन्धि केहि सोचाइ भए उल्लेख गर्नुहोस)

ञ. अन्य विषय केहि भए उल्लेख गर्नुहोस।

## अनुसूचि ४- उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागि हुन कृषकहरु कम्पनी/सहकारीमा सुचिकृत हुने सूचना

मितिः

कृषकहरु सुचिकृत हुने बारे सूचना

प्रस्तुत विषयमा यस छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको आ.व. ०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदान कार्यक्रममा कृषकलाई सुचिकृत गरि अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि उत्पादनमा आधारित अनुदान प्राप्त गर्न इच्छुक कृषकहरुले तपसिलका कागजातहरु संलग्न गरि १५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन जानकारी गराईन्छ।

आवश्यक कागजातहरुः

१. निवेदन (अनुसूची ५अनुसार),
२. नागरिकताको प्रतिलिपि,
३. फर्मको हकमा दर्ता  तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि,
४. फर्मको हकमा स्थायि लेखा नम्बर प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. सम्बन्धित वडाको सिफारिस पत्र,
६. जग्गा लालपूर्जाको प्रतिलिपि,
७. वैक विवरण।

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूचि-५**

श्री छत्रकोट गाउँपालिका मितिः
गाउँ कार्यपालिकाको कार्यालय,
चोयगा,गुल्मी।

कृषक पहिचान नं.;...

विषयः सूचिकृत हुन पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा छत्रकोट गाउँपालिकाद्वारा प्रकाशित सूचना बमोजिम छत्रकोट गाउँपालिका वडा नं....., टोल.........निवासी म.......................(फर्म भए फर्मको नाम) कृषक सूचिकृत भई उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुनपाउँ भनी तपसिलको ढाँचामा कृषि उत्पादन सम्बन्धी विस्तृत विवरण र सूचनामा उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्दछु।

| मुख्य कृषि उपज | खेति गरेको जमिनको क्षेत्रफल (रोपनी) | वार्षिक उत्पादन परिमाण (के.जि.) | वार्षिक बिक्रि परिमाण (के.जि.) | मुख्य कृषि उपज | खेति गरेको जमिनको क्षेत्रफल (रोपनी | वार्षिक उत्पादन परिमाण (के.जि.) | वार्षिक बिक्रि परिमाण (के.जि.) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदकको नामः
हस्ताक्षरः
सम्पर्क नं

**अनुसूची-६**

**..............................सहकारी/कृषक समूह/कम्पनी र कृषकबिच भएको सम्झौता पत्र**

छत्रकोट गाउँपालिका गुल्मीद्वारा उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि **..............................**सहकारी/कृषक समूह/कम्पनी (यसपछि पहिलो पक्ष भनिने) र पहिलो पक्षको

संकलन केन्द्रमा कृषि उपज बिक्रि गर्न ल्याउने ..........................कृषक (यसपछि दोस्रो पक्ष भनिने) बिच मिति २०८१/ / मा देहायका शर्तको अधिनमा रहि सम्झौता गरि एक एक लियौ/दियौ र एक प्रति गाउँपालिकामा बुझायौ।

क) दोस्रो पक्षले पहिलो पक्षले संकलन गर्ने संकलन केन्द्रमा तोकिएका कृषि उपजहरु बिक्रि गर्न ल्याउनुपर्नेछ।

ख) पहिलो पक्षले दोस्रो पक्षको बिक्रि अभिलेख पारदर्शि र स्वच्छ रुपमा संकलन गरि राख्नुपर्नेछ।

ग) पहिलो पक्षले हरेक महिनाको अन्तिममा दोस्रो पक्षको अभिलेख गाउँपालिकामा पेश गर्नुपर्नेछ।

घ) दोस्रो पक्षले पहिलो पक्षसँगको कारोबारमा असम्झौता एक चौमासिक

ङ) सम्झौताहरु **'छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१'** र **न्यूनतम समर्थन मूल्य सम्बन्धि कार्यविधि-२०८१** बमोजिम हुनेछ।

पहिलो पक्षको तर्फबाट
नामथरः
पदः
कार्यालयको नामः
ठेगानाः
संस्थाको छापः

दोस्रो पक्षको तर्फबाटः
नामथरः
ठेगानाः
फर्मको नाम (दर्ताको हकमा);

साक्षीको तर्फबाटः
नामथरः
पदः
कार्यालयः

## अनुसूचि-७

## कृषि उपज संकलन तथा मूल्य अनुगमन समितिः

गाउँपालिका उपाध्यक्षः संयोजक

प्रमुख प्रशासकीय अधिकृतः सदस्य

कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

**अनुसूची-८**

उत्पादनमा आधारित अनुदान निम्न बमोजिमको वस्तुहरुमा लागु हुनेछ।

| क्र.सं. | वस्तुको नाम | क्र.सं. | वस्तुको नाम |
|---|---|---|---|
| तरकारी/मसलाबाली | | | |
| १ | काउली | २ | धनिया |
| ३ | बन्दा | ४ | भान्टा |
| ५ | टमाटर | ६ | भेण्डी |
| ७ | काँक्रो | ८ | तिते करेला |
| ९ | सिमि | १० | गाजर |
| ११ | बोडि | १२ | आलु |
| १३ | प्याज | १४ | लसुन |
| १५ | मुला | १६ | साग |
| १७ | अदुवा | १८ | ब्रोकाउली |
| १९ | खुर्सानी | २० | हलेदो |
| नगदे | | | |
| १ | कफि | २ | उखु |
| फलफूल | | | |
| १ | सुन्तललाजात(सुन्तला, मौसम, कागति) | २ | केरा |
| ३ | आँप | ४ | लिचि |
| च्याउ | | | |
| १ | कन्ये | २ | सिताके |

**अनुसूचि-९**

निर्देशन, अनुगमन तथा मुल्याङ्कन समिति

उपाध्यक्ष, गाउँकार्यपालिकाको कार्यालय ......................................अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत...........................................................सदस्य

संयोजक आर्थिक विकास समिति.................................................सदस्य

योजना शाखा प्रमुख..................................................................सदस्य

प्रमुख, आर्थिक प्रशासन शाखा..................................................सदस्य

प्रमुख, पशुपन्छी विकास शाखा..................................................सदस्य

प्रमुख, कृषि विकास शाखा .........................................................सदस्य सचिव

**अनुसूचि-१०**

सहकारी वा कृषक समूह वा कम्पनीको नामः............................

वडा नं.......................................

(कृषकले न्यूनतम समर्थन मूल्य वा उत्पादनमा आधारित अनुदान मध्ये एक मात्र प्राप्त गर्ने छन)

| क्र.सं. | मिति | कृषकको नाम | ठेगाना | उपज (के.जि.) | दर प्रति के.जि. | जम्मा खरिद मूल्य | क.उ.आ.अ. ख.न्यू.स.मू. | गा.पा.बाट जम्मा पाउने रकम | कृषकले पाउने कर कट्टि बाहेकको रकम | सम्पर्क नं. | बुझिलिनेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

जम्मा उपज सङकलन(के.जि.)....................

व्यवस्थापकको हस्ताक्षरः

## अनुसूचि-११

छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम सञ्चालन गर्नका निम्ति सहजिकरण गर्ने ........................................................(यसपछि दोस्रोपक्ष भनिने) र छत्रकोट गाँउपालिकाको कार्यालय(यसपछि पहिलो पक्ष भनिने)का बिच भएको

**<u>समझदारी पत्र</u>**

**<u>पृष्ठभुमिः</u>**

छत्रकोट गाउपालिका भित्रका निर्वाहमुखि कृषकलाई व्यवसायिकरण गर्न र व्यवसायीक कृषकहरुलाई थप प्रोत्साहन गर्नका निम्ति छत्रकोट गाउपालिकाद्धारा **'उत्पादनमा आधारित अनुदान'** कार्यक्रम सञ्चालनमा ल्याइएको छ। यस कार्यक्रम अन्तर्गत कृषहहरुको उत्पादनको बिक्रिको आधारमा छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धि कार्यविधि, २०८१ बमोजिम थप रकम गाउँपालिकाद्धारा प्रोत्साहन स्वरुप कृषकहरुले प्राप्त गर्नेछन।

कृषकहरुले बिक्रि गरेको आधारमा अनुदान वितरण कार्यक्रम सञ्चालन गर्नका लागि कृषि विकास शाखाले सूचिकृत गरेका कृषकलाई दैनिक बजार मूल्य कायम गर्न, कृषि उपजको बिक्रि अभिलेखिकरण गर्न र अनुदान रकम सम्बन्धित कृषकहरुलाई वितरण गर्नका निम्ति गाउँ कार्यपालिकाको निर्णयद्धारा पहिलो पक्ष र दोस्रो पक्ष बिच छत्रकोट गाउँपालिकाको सबै वडामा संकलन केन्द्र स्थापना गरि कृषकहरुको कृषि उपज खरिद गर्न/गराउनका लागि तपसिल बमोजिमको सम्झौता शर्तहरुमा राजि भई यस समझदारि पत्रमा हस्ताक्षर गरिएको छ।

<u>सम्झौता शर्तहरुः</u>

- दोस्रो पक्षले सबै वडावाट गाउँपालिकामा उत्पादनमा आधारित अनुदान प्रणालीको लागि दोस्रो पक्षसँग कृषि उपज बिक्रि गर्ने गरि सूचिकृत भएका कृषकहरुको कृषि उपजको बिक्रिको कारोबार पहिलो पक्षवाट तोकिएको ढाँचामा र पहिलो पक्षवाट उपलब्ध गराईएको अनलाई सफ्टवेयरमा अभिलेखिकरण गर्नुपर्नेछ।
- दोस्रो पक्षले पहिलो पक्षले प्राथमिकतामा राखेका कृषि उपजको दैनिक कारोबारको अभिलेखिकरण छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि २०८१ ले तोके बमोजिम दैनिक निर्धारित मूल्यको आधारमा राख्नुपर्नेछ ।
- अनुदान रकम भुक्तानिको निम्ति कृषि उपज बिक्रि कारोबारको अभिलेख र अन्य आवश्यक कागजातको प्रमाणित प्रतिलिपी दोस्रो पक्षले मासिक रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।

- ❖ दोस्रो पक्षद्धारा पेश भएको बिक्रि कारोबारको अभिलेख र अन्य आवश्यक कागजातको आधारमा कृषक स्वयमलाई उत्पादनमा आधारित अनुदान रकम भुक्तानी हुनेछ।
- ❖ दोस्रो पक्षद्वारा राखिएको खरिद वा बिक्रि र मूल्यको अभिलेखिकरण गलत वा झुटा ठहरिएमा  दोस्रो पक्षलाई कालोसूचिमा राखि नियमानुसार कारबाहि प्रक्रिया अगाडी बढाइनेछ।
- ❖ दोस्रो पक्षले छत्रकोट गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धि कार्यविधि, २०८१ मा उल्लेखित बाहेकका कृषि उपज समेत कृषकबाट खरिद गर्नु पर्नेछ।
- ❖ दोस्रो पक्षले कृषक सूचिकृत हुने क्रममा उपलब्ध गराएको बैंक विवरणमा प्रत्येक महिनाको अन्तिममा कृषि उपज खरिदको रकम भुक्तानि दिनुपर्नेछ।
- ❖ दोस्रो पक्षलाई सेवा शुल्क वापत कारोबार रकमको २% रकम गाउँपालिकाबाट चौमासिक रुपमा उपलब्ध गराइनेछ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाटः | दोस्रो पक्षको तर्फबाटः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामथरः | नामथरः |
| पदः | पदः |
| कार्यालयको नामः छत्रकोट गाउँकार्यपालिकाको कार्यालय चोयगा, गुल्मी | कार्यालयको नामः |

**आज्ञाले**

**वीर बहादुर पुन**

**प्रमुख प्रशासकिय अधिकृत**